# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय उर्लावारी, मोरङ्गका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०३/०३ गते बुधबारको ब्लाष्ट टाईस राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/१२/१६ गते सोमबारको ब्लाष्ट टाईस राष्ट्रिय दैनिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय उर्लावारी, मोरङ्गमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८३/०३/१८ गते बिहिबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय उर्लावारी, मोरङ्गमा** दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्योट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथाजमानतकर्ताको विवरणः**

**ऋणी :** नेपाल सरकार, उद्योग, वाणिज्य, तथा आपुर्ति मन्त्रालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, बिराटनगर, मोरङमा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम मिति २०७६/०५/२२ गते दर्ता नं. ३२५१३/०७६/७७ स्थानीय व्यापारमा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, बिराटनगर, मोरङ्गबाट मिति २०७५/०९/११ (मु.अ.कर/आयकर दर्ता मिति २०७५/११/०५) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०८९५००२० को प्रमाणपत्र प्राप्त **संस्कृति इन्टरप्राइजेज** ।

**रजिष्ट्रर्ड ठेगाना :** मोरङ्ग जिल्ला, उर्लावारी न.पा. वडा नं. ७, बरगाछी ।

**प्रोप्राइटर तथा जमानतकर्ता : सनम कुमार सिंह**
(ना.प्र.नं. : २५७००/३४२७, जारी मिति : २०६२/०९/०५, जि.प्र.का. मोरङ्ग) ।
ठेगाना : मोरङ्ग जिल्ला उर्लावारी न.पा. वडा नं. ७ (साविक मधुमल्ला गा.वि.स., वडा नं. १) ।
बाबु : महेन्द्र प्रसाद सिंह दनुवार ।
बाजे : कनक सिंह दनुवार ।

**जमानतकर्ता : महेन्द्र प्रसाद सिंह दनुवार**
(ना.प्र.नं. ४९८ जारी मिति २०३३/०४/३२, जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी) ।
स्थाई ठेगाना : सप्तरी जिल्ला, सुरुङ्गा गा.पा. वडा नं. ४ (साविक मधुपट्टी गा.वि.स. वडा नं. ५)
हालको ठेगाना : मोरङ्ग जिल्ला उर्लावारी न.पा. वडा नं. ७ ।
बाबु : कनक सिंह दनुवार । बाजे : जद्दु सिं ।

**जमानतकर्ता : लीला देवी सिंह** (ना.प्र.नं. २७९६/२२५७, जारी मिति २०४६/१२/०८, जारी गर्ने कार्यालय जि.प्र.का. मोरङ्ग) । ठेगाना : मोरङ्ग जिल्ला, उर्लावारी न.पा. वडा नं. ७ (साविक मधुमल्ला गा.वि.स. वडा नं. १) ।
बाबु : कालिका प्रसाद साह ।
पति : महेन्द्र प्रसाद सिंह दनुवार ।
ससुरा : कनक सिंह दनुवार ।

**जमानतकर्ता : सरस्वती श्रेष्ठ** (ना.प्र.नं. ३३३०५६/६६०, जारी मिति २०६३/१०/२०, जारी गर्ने कार्यालय जि.प्र.का. बारा) । स्थाई ठेगाना : बारा जिल्ला, जितपुर सिमरा न.पा. वडा नं. १४ (साविक डुमरवाना गा.वि.स. वडा नं. ८) ।
हालको ठेगाना : मोरङ्ग जिल्ला उर्लावारी न.पा. वडा नं. ७ ।
बाबु : टिका बहादुर श्रेष्ठ ।
पति : सनम कुमार सिंह ।
ससुरा : महेन्द्र प्रसाद सिंह दनुवार ।

**ख. ललामबिक्री हुने सम्पत्तिको विवरण :**

१. लीला देवी सिंहको नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला मधुमल्ला गा.वि.स. वडा नं. ५, नक्सा सिट नं. ५भ स्थित कित्ता नं. ८०७ क्षेत्रफल ०-०-८-० (बिघा)को घर/जग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .........१
२. ऋणी **संस्कृति इन्टरप्राइजेज**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण...........१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय उर्लाबारी, मोरङबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरिक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय उर्लाबारी, मोरङमा** सम्पर्क राख्न सकिनेछ ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x29